# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)


पत्र संख्या: २०७८/७९ च.नं.: ९८८ मिति:२०७८।०५।०४

श्री नगर प्रमुखज्यू,
पुतलीवजार नगरपालिका,
नगरकार्यपालिकाको कार्यालय,
स्याङजा।

विषय: लेखापरीक्षण प्रतिवेदन।

**कैफियत सहितको राय**

हामीले पुतलीवजार नगरपालिकाको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्वन्धित आय व्यय विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय- व्यय विवरणले स्थानीय तहसँग सम्वन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको रायव्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट रु.६ करोड १९ लाख ९९ हजार बेरुजू देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने रु.३१ लाख ८२ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१ करोड ७६ हजार, नियमित गर्नुपर्ने रु.४ करोड ७६ लाख २९ हजार र पेस्की रु.११ लाख १२ हजार रहेको छ।

२. लेखापरीक्षणमा देखिएका व्यहोराहरूका सम्बन्धमा मिति २०७७।१०।१५ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरू हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना २४ (चौबिस) यसैसाथ संलग्न छ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानून बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यकारिणी, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्वन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ।

(इन्द्र प्रसाद आचार्य)
नायव महालेखापरीक्षक

## लेखापरीक्षण प्रतिवेदन

स्थानीय सञ्चित कोषः आर्थिक वर्ष २०७६।७७ को स्थानीय सञ्चित कोष आय व्यय हिसावको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ।

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | |
|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति / भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| सि (क+ख) | | ९९८८१९८६२ | ११५६४८९१४३.२८ | ६००००० | ११५७०८९१४३.२८ |
| .प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ७३५८७८९९९ | ९०९९१९३७४.७५ | ० | ९०९९१९३७४.७५ |
| १००० कर | ११ | १२५३२१९९९ | ८९९९०५१५.२६ | ० | ८९९९०५१५.२६ |
| ३००० अनुदान | | ५९४५२७००० | ७०३३८४०८७ | ० | ७०३३८४०८७ |
| ीय सरकार | १२ | ५५०४६७००० | ६५६१३०५८७ | ० | ६५६१३०५८७ |
| ेश सरकार | १२ | २२७४९००० | २७७४८५०० | ० | २७७४८५०० |
| नसहभागिता | | २१३११००० | १९५०५००० | ० | १९५०५००० |
| ४००० अन्य राजस्व | | १६०३०००० | ११६५४४७७२.४९ | ० | ११६५४४७७२.४९ |
| .अन्य प्राप्ति | | २६२९४०८६३ | २४६५६९७६८.५३ | ६००००० | २४७१६९७६८.५३ |
| तरण गर्न बांकि राजस्व | | ० | (१०६८०००) | ० | (१०६८०००) |
| ाषहरु | | ४८१७५८६३ | ३८०९४८८३.९२ | ६००००० | ३८६९४८८३.९२ |
| ौटी | | ० | १३०४५८९.८१ | ० | १३०४५८९.८१ |
| ीय,प्रदेश सरकार वा अन्य कार्यक्रम | | २१४७६५००० | २०८२३८२९४.८० | ० | २०८२३८२९४.८० |
| ्तानी (ग+घ) | | १०५५६९१६७२.९९ | ९३३११०३०६.१३ | ५५५००० | ९३३६६५३०६.१३ |
| भुक्तानी (सञ्चित कोषबाट) | | ७९२७५०८०९.९९ | □□□□□१६७९ | | ७००४३१६७९.७२ |
| १००० पारिश्रमिक/ सुविधा | १८ | ३३८०९४००० | ३३७२९८२०५.३९ | ० | ३३७२९८२०५.३९ |
| २००० मालसामान तथा सेवाको उपयोग | १८ | १२७५४४२९० | १०४१९९३०७.२७ | ० | १०४१९९३०७.२७ |
| ५००० सहायता(Subsidy) | १८ | ६५५००० | ४५६००० | ० | ४५६००० |
| ६००० अनुदान | १८ | ९००००० | ९००००० | ० | ९००००० |
| ७०००सामाजिक सुरक्षा | १८ | १४००७००० | १२३८४१०८ | ० | १२३८४१०८ |
| ८००० अन्य खर्च | १८ | ७५०००० | ५७३८१० | ० | ५७३८१० |
| १००० गैर वित्तिय सम्पत्ती/पूँजीगत खर्च | १८ | ३१०३००५१९.९९ | २४४६२०२४९.०६ | ० | २४४६२०२४९.०६ |
| २००० वित्तिय सम्पत्ती | १८ | ५००००० | ० | ० | ० |
| .अन्य भुक्तानी | | २६२९४०८३६ | २३२६७८६२६.४१ | ५५५००० | २३३२३३६२६.४१ |
| ोषहरु | | ४८१७५८३६ | २३३९१९७१ | ५५५००० | २३९४६९७१ |
| ौटी | | ० | ११३६८३४.६१ | ० | ११३६८३४.६१ |
| ीय,प्रदेश सरकार वा अन्य कार्यक्रम | | २१४७६५००० | २०८२३८२९४.८० | ० | २०८२३८२९४.८० |
| ट्टी रकम भुक्तानी/दाखिला गर्न बांकी | | | (८८४७४) | | (८८४७४) |
| .यो वर्षको बचत(न्युन) | | (५६८७१८१०.९९) | २२३३७८८३७.१५ | ४५००० | २२३४२३८३७.१५ |
| .गतवर्षको जिम्मेवारी रकम(अ.ल्या) | | | ११९१५४६०५.६४ | | ११९१५४६०५.६४ |
| ्यन्तको बांकी रकम(ङ+च) | | (५६८७१८१०.९९) | ३४२५३३४४२.७९ | ४५००० | ३४२५७८४४२.७९ |
| क तथा नगद बांकी | २४ | | ३४३०१७४७५.९० | | ३४३०१७४७५.९० |

| क्र.सं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **परिचय** – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकार संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वधन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ। नगरपालिका १४ वटा वडा, र १४६-२१ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ। | |
| | **असूली:** लेखापरीक्षणको क्रममा नगरपालिकाबाट संचालित विभिन्न कार्यक्रमहरुको पेश्की फछयौट गरी नपुग बिल वापतको रु.११९४२०।०० र पदाधिकारीको बढी तलव रु.१२६५०।०० गरी रु.१३२०७०।०० र प्रारम्भिक प्रतिवेदनको प्रतिक्रिया फछयौंटबाट पारिश्रमिक कर, पदाधिकारीलाई बढी तलव भुक्तानी लगायतका शिर्षकबाट रु.९४३४४४।०० समेत गरी रु.१०७५५१४।०० असूल भई दाखिला भएको छ। | |
| | **वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा नगरपालिकाले प्रत्येक वर्षको श्रावण १ गतेदेखि आगामी वर्षको आषाढ मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ। सोही ऐनको दफा ६९ मा तोकिएअनुसार गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ। यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन।<br>• पालिकाको प्रमाणित एकिकृत आर्थीक विवरण,गत आ व को वैक मौज्दात र सुत्रको वित्तीय प्रतिवेदन अनुसार यस आर्थिक वर्षमा जिम्मेवारी सार्नुपर्ने रकममा फरक रहको पाइयो। यथार्थ विवरण अ-ल्या- गर्नुपर्ने भएकोले सोलाई वेरुजु दफामा कायम गरिएको छ। प्रतिवेदनको अ-ल्या- रु-११९१५४६०५।६४ र यथार्थ जिम्मेवारी सार्नुपर्ने रु-६७२६८९०३।५० रहेकोमा रु-५१८८५७०२।१४ फरक देखिन्छ। पालिकाले फरक रकमका सम्वन्धमा एकिन गरी हिसाव मिलान गर्नुपर्ने देखियो।<br>• पालिकाको चालु, पुँजीगत, सञ्चित कोष तथा अन्य विभिन्न खाताहरुमा रहेको कूल यथार्थ मौज्दात रु-६७३८७७३८।७७ रहेकोमा सुत्रको वित्तीय प्रतिवेदनले रु-३४३०१७४७५।९० देखाएको छ। यस सम्वन्धमा विवरणहरुमा फरक पर्नुको कारणवारे पालिकाले सम्वन्धित निकायहरुवीच समन्वय गरी हिसाव मिलान गर्नुपर्ने देखियो।<br>• पालिकावाट प्राप्त प्रमाणित अनुसुची फाराममा फिर्ता गर्नुपर्ने अनुदान रु-९७९०८०४।०३ देखाएको एवम् सोही वमोजिम मिति २०७७।०४।२६ मा रु -९७९०८०४।०३ सम्वन्धित निकायमा फिर्ता गरेको छ। सुत्रको वित्तीय प्रतिवेदनको अनुसुची २१ मा फिर्ता गर्नुपर्ने रु- १७ करोड १० लाख ९८ हजार रहेकोले यस सम्वन्धमा पालिकाको समेत स्पष्ट जवाफ नआएकोले वित्तीय प्रतिवेदनसंग सम्वन्धित निकायविच समन्वय गरी यथार्थता एकिन गर्नुपर्ने देखिन्छ।<br>• स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को पुर्ण रुपमा प्रयोग गरेको पाईएन।<br>• उल्लिखित अवस्था र कारण स्थानीय तहले पेश गरेको वित्तीय विवरणले कारोवारको यथार्थ चित्रण गरेको मान्न सकिएन।<br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति | |

देखिने गरी लेखांकन गर्नुपर्दछ।

**आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।
- पालिकाले २०७६।७७ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन। साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।
- कार्यालयको श्रेस्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिए।
- राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन।
- स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन।
- दिगो बिकास योजना (२०१५-२०३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन।
- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न व्यक्ति तथा संघ संस्थालाई वितरण गरेको पाईयो।
- वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन।
- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन।
- मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ-टीडिएस गरेको पाइएन।
- कुनै रकमको भुक्तानी दिंदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर

राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन।

- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।
- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन।
- संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन।
- पालिकाले आयोजना कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन।
- सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।
- वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन। शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको पाईएन।
- पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि प्राविधिकतर्फ  र प्रशासनिकतर्फ समेत १७३ कर्मचारीको दरबन्दी स्वीकृत भएकोमा १६८ मात्र पदपूर्ती भई ५ रिक्त दरवन्दी रहेको देखिन्छ।
- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन।
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड  बनाउनुपर्नेमा यस पालिकाले हालसम्म आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा कुनै पनि कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छैन।
- फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३ मा फोहोरको व्यवस्थापन गरी गाउँ तथा नगर सफा राख्ने जिम्मेवारी स्थानीय तहको हुने उल्लेख भएकोमा पालिकाले फोहोरमैला व्यवस्थापन गर्न दिर्घकालिन योजना वनाई कार्यान्वयन गरेको पाइएन।
- सामाजिक सुरक्षा नियमावली २०७६, को नियम २३(१) मा स्थानीय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको चौमासिक तथा बार्षिक प्रतिवेदन अनुसूची ६ बमोजिमको ढाँचामा तयार

गरी विभाग तथा प्रदेशको सामाजिक सुरक्षा सम्बन्धी विषय हेर्ने निकायमा पठाउनु पर्नेमा पालिकाले समयमा प्रतिवेदन गर्ने कार्य गरेको पाइएन।

- सामाजिक सुरक्षा कार्यक्रम संञ्चालन कार्यविधि, २०७५ दफा ३३ (क) मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानिय तहको सभामा पेश गर्नुपर्नेमा नगरेको साथै पालिकावाट पठाएको रकम लाभग्राहीको खातामा बैंकले १५ दिनभित्र जम्मा गरी प्रत्येक खातामा जम्मा भएको रकम देखिने विवरण सहितको (Reverse Feed) विवरण पेश गर्नुपर्ने व्यवस्था रहेकोमा नगरपालिकामा उक्त शर्तअनुसार वैकवाट चौमासिक रुपमा जम्मा भएको विवरण प्राप्त भएको देखिएन।
- पालिका र अन्तर्गतका वडाको स्वामित्वमा रहेको भवन, जग्गा, सवारी साधन, फर्निचर तथा विद्युतिय सामान लगायतका सम्पत्तीको मुल्याङ्कन समेत देखिने गरी अभिलेख अद्यावधिक गर्नुपर्नेमा सो गरेको पाइएन।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वसनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

**चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पूजिगत खर्चको स्थिति देहाय बमोजिम छ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा वढी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | |
| १. | ८०४४३४०३५०१ | २००१४४ | २५००१ | ८२८५७ | ९२२८६ | ६३३७८ |
| २. | ८०४४३४०३५०२ | ५००० | ० | ६१८ | ४३८२ | ४३८२ |
| ३. | जम्मा | २०५१४४ | २५००१ | ८३४७५ | ९६६६८ | ६७७६० |
| | खर्च प्रतिशत | १०० | १२.१८ | ४०.६१ | ४७.२१ | ३३.०३ |

**क्षेत्रगत बजेट र खर्च**- स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट खर्चको स्थितिको शिर्षकगत विवरण पेश नभएकोले क्षेत्रगत वजेट खर्चको शिर्षकगत अवस्था एकिन गर्न सकिएन। खर्चको शिर्षकगत विवरण तयार गर्नेतर्फ ध्यान दिनुपर्दछ।

(बार्षिक वजेट तथा खर्च रु- हजारमा)

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल मध्ये खर्च प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | १०९९१५ | ९३४९५ | १२.५८ |
| सामाजिक क्षेत्र | ३०१४५९ | २९१३४२ | ३९.२० |
| पूर्वाधार विकास क्षेत्र | १९७४०९ | १७९४१३ | २४.१३ |
| वातावरण तथा विपद् व्यवस्थापन | २००० | १९६८ | ०.२६ |
| सस्थागत विकास र सेवा प्रवाह | १२१६८ | १२१६८ | १.६४ |
| वित्तिय व्यवस्थापन र शुसाशन | ६३६६६ | ६१२२१ | ८.२४ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | १०६१३३ | १०३६१६ | १३.९५ |
| जम्मा | ७९२७५० | ७४३२२३ | १०० |

६. **खर्च बिश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु- २ करोड ४९ लाख २१ हजार राजस्व बाँडफाँड र अनुदानबाट रु- ८८ करोड ४९ लाख ९८ हजार समेत रु ९० करोड ९९ लाख १९ हजार आम्दानी भएकोमा चालु तर्फ रु-४५ करोड ५८ लाख ११ हजार र पूँजिगत तर्फ रु-२४ करोड ४६ लाख २० हजार समेत रु-७० करोड ४ लाख ३१ हजार खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा ३-५५ प्रतिशत रहेको छ। यसबर्ष पदाधिकारी सुबिधामा रु-१ करोड ६८ लाख खर्च भएको छ जुन आन्तरिक आयको ६७.४६ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६५.०७ प्रतिशत चालु र ३४.९३ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढी खर्च भएको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ।

७. **कल्याण कोष** ६५७/०७७/३/३१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। पालिकाले चालु आर्थिक वर्षमा कर्मचारीतर्फको १० प्रतिशत कट्टी नगरी समानिकरण अनुदानवाट रु १४ लाख कर्मचारी कल्याण कोषमा जम्मा गरेको छ । ऐनमा भएको व्यवस्थाको पालना गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

**आन्तरिक आयतर्फ**

८. **आन्तरिक आयः** स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ मा पालिकाको वित्तिय अधिकार क्षेत्रको वारेमा व्यवस्था गरेको छ तथा आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९,१०,१५ बमोजिम दैनिक तथा बार्षिक रुपमा प्राप्त भएको आय स्पष्ट देखिने गरी श्रेस्ता राख्नुपर्ने, रसिद नियन्त्रण खाता राख्नुपर्ने, वडा कार्यलयहरुमा पठाएका र फिर्ता आएका रसिदको अद्यावधिक श्रेस्ता नरहेको, रसिदको सिलसिलेवार नम्वर अनुसार उठाएको आय र बैंक दाखिलाको रकम नभिडेको हुँदा यो वर्ष घरबाटो सिफारिस दस्तुर, सम्पत्तिकर, मालपोत रजिष्टेशन शुल्क तथा अन्य आयवापत हुनुपर्ने वास्तविक आम्दानी एकिन गर्न सकिएन। यो वर्ष आन्तरिक आयवापत रु.२ करोड ४९ लाख २१ हजार आम्दानी देखिएको छ। पालिकाले आवश्यक म.ले.प.फा.न. हरु र श्रेस्ता अद्यावधिक गरी आन्तरिक आयलाई पारदर्शी गर्ने गराउने र आयको उचित अभिलेखांकन तथा परिचालन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

१. **आन्तरिक आयको विश्लेषणः** पालिकाले पेश गरेको एकिकृत आर्थिक विवरण अनुसार पालिकाले यस वर्ष रु.२ करोड ४९ लाख २१ हजार आन्तरिक आय प्राप्त गरेकोमा सुत्रको वित्तीय प्रतिवेदनको अनुसुची ११ अनुसार जम्मा आन्तरिक आय रु.२० करोड ६५ लाख ३५ हजार देखिन्छ। ठूलो अंकमा फरक परेको देखिएकोले यस सम्वन्धमा पालिकाले प्रष्ट पार्नुपर्ने देखियो। साथै अनुसुची ११ मा घरवहाल कर, सरकारी सम्पतीको वहालवाट प्राप्त आय, सिफारिस दस्तुर नक्सापास लगायतका शिर्षकमा शुन्य आम्दानी भएको देखिन्छ। सोको समेत वास्तविकता एकिन गरी श्रेस्ता अद्यावधिक गर्नुपर्दछ।

२. **बढी परिमाण उत्खननः** आर्थिक वर्ष २०७५।७६ र ०७६।७७ को लागि पुतलीवजार नगरपालिका भएर बग्ने आँधीखोला सुरौदीखोला रिङ्दीखोला तथा अन्य खोलाहरुको बगर क्षेत्रबाट ढुङ्गा गिट्टी र बालुवाको दिगो संकलन उत्खनन कार्यको लागि स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन, २०७५ को बुदाँ नं २.४.२ मा प्रत्येक वर्ष उत्खनन गर्ने सकिने परिमाण निर्धारण गरिएको छ। जस अन्तर्गत विभिन्न ८ वटा घाटबाट बार्षिक ३६३४८।५० घनमिटर उत्खनन गर्न सकिनेमा पालिकाले यस आ.व. मा प्रतिवेदनको विपरीत हुने गरी जम्मा ५५०६३ घनमिटर नदीजन्य पदार्थको उत्खनन गरेको पाइयो। पालिकामा कार्यरत प्राविधिकबाट आयोजना स्थलको छुट्टै सर्वेक्षण गर्न लगाई प्रतिवेदज स्वीकृत गरी स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण

प्रतिवेदनको वेवास्ता गरी उत्खनन गरेको पाइयो। यसरी तोकिएको भन्दा बढी परिमाणमा नदीजन्य पदार्थको उत्खननबाट पालिकाको आन्तरिक आयमा केही वृद्धि भएता पनि प्राकृतिक वातावरणमा प्रतिकूल असर पर्ने देखियो। जसबाट हुन सक्ने भू-क्षय, जीवजन्तुमा पर्न सक्ने असर तथा समग्रमा मानव वस्तीमा पर्न सक्ने असरलाई समेत वास्ता नगरी स्वीकृत प्रतिवेदनको विपरीत गई नदीजन्य पदार्थको उत्खनन गर्न सिफारिस गर्ने तथा अन्य सम्वन्धित पदाधिकारीलाई जिम्मेवार बनाइनु पर्दछ।

३. **१० प्रतिशत रकम असूल नभएको:** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ (ख) मा आफ्नो क्षेत्रभित्रको सामुदायीक वन उपभोक्ता समितिले वन पैदावर विक्री तथा उपयोग सम्वन्धी आफ्नो कार्ययोजना बनाई स्थानीय तहबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावरको विक्री वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्वन्धित स्थानीय तहको संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले आफ्नो क्षेत्रभित्रको दाङसिङ्ग सामुदायिक वन उपभोक्ता समिति पुतलीवजार नगरपालिका, ०७ को वन पैदावरको विक्रीवापत प्राप्त गरेको जम्मा रु.२१२६१६९।०० ऐनमा भएको व्यवस्था बमोजिम १० प्रतिशतले हुने रकम स्थानीय संचित कोषमा दाखिला नगरेकोले सम्वन्धित सामुदायिक वन उपभोक्ता समितबाट असूल गरी स्थानीय संचित कोषमा दाखिला गर्नपर्ने रु.. २१२६१७

४. **सम्झौता पालना नभएको:** पालिकाको आन्तरिक आय तर्फ सडक उपयोग कर, विज्ञापन कर, मन्दिर व्यवस्थापन शुल्क भुक्तानी गर्दा सम्झौता बमोजिम पहिलो किस्ता सम्झौता मितिमा, दोस्रो किस्ता २०७६ कार्तिक मसान्तमा र तेस्रो किस्ता २०७६ फागुन मसान्तमा बुझाइसक्नुपर्नेमा निम्न निर्माण व्यवसायीले दोस्रो र तेस्रो किस्ताको रकम समयमा बुझाएको पाइएन। पालिकाले तोकिएको समयमानै कर तथा शुल्क उठाउनेतर्फ ध्यान दिनुपर्दछ।

| सि न | आम्दानीको प्रकार | ठेकदारको नाम | नाकाको नाम | दाखिला भएको मिति | दाखिला रकम |
|---|---|---|---|---|---|
| १ | सडक उपयोग कर | सौजन कन्स्ट्रक्सन | वाडखोला दुलेगौडा ग्रास | २०७७।४।१३ | ३७५५०० |
| २ | | कोइराला निर्माण सेवा | स्याङजा आरुचौर पुतलिखेत ग्रास | २०७७।३।३१ | २१५५०० |
| ३ | | कोइराला निर्माण सेवा | सुम्रेखोला नुवारभन्ज्याङ अर्जुन चौपारी ग्रास | २०७७।३।२९ | ५५९५० |
| ४ | विज्ञमपन कर | आकृति एडभरटाइजिङ | नपा क्षेत्र भित्र | २०७७।४।१८ | २६०००० |
| ५ | चण्डिलिका पुजा वलि तथा मन्दिर व्यवस्थापन | साथी भाइ निर्माण सेवा | पुजा वलि व्यवस्थापन | २०७७।२।८<br>२०७७।२।२६ | ५००००<br>५०००० |
| | जम्मा | | | | १००६९५० |

**कोभिड-१९ तर्फः**

५. आ.व २०७६।७७ को अषाढ मसान्तसम्म कोभिड-१९ रोकथाम तथा नियन्त्रणको लागि भएको आम्दानी तथा खर्चको विवरण तथा नमुना छनौटको आधारमा श्रेस्ता परीक्षणबाट देखिएका व्यहोराहरु निम्नानुसार रहेको छ।

| आम्दनी स्रोत | रकम | खर्च शिर्षक | रकम |
|---|---|---|---|
| स्थानीय तहको आफ्नै वजेटवाट | ५०००००० | राहत वितरण | ५११४७७२ |
| संघिय कोभिड कोषवाट | १५४५८०० | क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन | १९१०९९९ |
| प्रदेश कोभिड कोषवाट | १०००००० | औषधी एवं स्वास्थ्य उपकरण तथा सामाग्री खरिद | ११४३९७९ |
| अन्य स्रोतवाट | १६२९०८८ | अन्य | ७९९००० |
| | ० | बाँकी | २०६१३८ |
| | ९१७४८८८ | | ९१७४८८८ |

१. **भरपाई बेगर भुक्तानीः** ४६।२०७७।२।१२ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार खर्च गर्दा खर्चको विल भरपाई तथा रीत पुगे नपुगेको जाँच गरी लेखा राख्नुपर्ने व्यवस्था भएकोमा कोभिड-१९ को राहत वितरण अन्तर्गत मोटा चामल २५ केजिको ५२५ वोरा प्रतिवोरा रु.१६०० का दरले रु. ८४००००।०० को सिवानी सप्लायर्सबाट खरिद गरेको पाइयो। ३८५ बोरा चामल राहत स्वरुप वडाहरुमा वितरण गरिएको भन्ने मौखिक जानकारी हुन आएकोमा उक्त चामल कहाँ, कति, कुन परिमाणमा वितरण भयो सोको एकिन नभएकोले वितरणको भरपाई पेश गर्नुपर्ने रु... ६१६८

२. **बाँकी मौज्दातः** नगरपालिकाले खरिद मध्ये वितरण गरी बाँकी १४० बोरा प्रतिवोरा रु= १६०० का दरले हुने रु. २२४०००।०० वरावरको चामल लेखापरीक्षण अवधिसम्म पनि स्टोरमा वाँकी रहेको देखिन्छ। यसरी लामो समयसम्म चामल स्टोरमा रहँदा चामलको गुणस्तरीयता ह्रास हुन सक्ने भएकोले सोलाई यथाशिघ्र वितरण गर्नुपर्ने वितरण नभएको खण्डमा लिलाम प्रक्रियाद्धारा उचित व्यवस्थापन गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

**सामाजिक सुरक्षातर्फः**

१. **सामाजिक सुरक्षा भत्ता पाउने अवधि नपुगदै भत्ता वितरणः** सामाजिक सुरक्षा नियमावली २०७६ को नियम ११ को उपनियम ५ बमोजिम निवेदन दिने सामाजिक सुरक्षा भत्ता पाउन योग्य व्यक्तिले निवेदन दिए पछिको महिनादेखि सामाजिक सुरक्षा भत्ता पाउने व्यवस्था भएकोमा निवेदन दिएको महिना देखिनै नियमावलि विपरित भत्ता वितरण गरेको देखिन्छ। यसरी नियम विपरित भत्ता वितरण गर्ने वितरकबाट सो भत्ता रकम असुल गरि सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

| सि न | बालबालिकाको नाम र थर | वडा नम्बर | जन्म मिति | पाएको रकम | बढि रकम |
|---|---|---|---|---|---|
| १ | सदिक्षा परियार | २ | २०७६।४।७ | ४८०० | ४०० |
| २ | रितिसा परियार | ८ | २०७६।८।२५ | ४८०० | २००० |
| ३ | रोशन विक | १३ | २०७६।५।२७ | ४८०० | ८०० |
| ४ | आरोहन विक | १२ | २०७६।४।१० | ४८०० | ४०० |
| ५ | प्रशन्न विक | १२ | २०७६।८।८ | ३२०० | ४०० |
| ६ | कृति विक | १४ | २०७६।११।१ | २००० | ४०० |
| ७ | रियान विक | १४ | २०७६।७।४ | ३६०० | ४०० |
| ८ | विवश विक | १४ | २०७६।४।१५ | ४८०० | ४०० |
| ९ | प्रिया सुनार | १४ | २०७६।५।४ | ४४०० | ४०० |
| | | | | जम्मा | ५६०० |

**समानीकरण चालुः**

१. **खाना तथा विविध खर्च** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले यो वर्ष खाना तथा विविधमा रु- ४९ लाख ७४ हजार खर्च गरेको छ। यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ।

२. **आर्थिक सहायताः** सरकारको बार्षिक कार्यक्रममा परेका बाहेक कुनै पनि सरकारी तथा गैरसरकारी संस्थालाई आर्थिक सहायता र अनुदान नदिने, तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता तथा औषधी उपचार खर्च वापत आर्थिक प्रदान गर्ने, यस्तो सहायता पाउने व्यक्ति तथा संस्थाको अभिलेख राखी एउटै व्यक्ति वा संस्थालाई दोहोरो सहायता उपलव्ध गराउन नहुने व्यवस्था सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा उल्लेख छ। साथै उपरोक्त व्यवस्था प्रदेश सरकार तथा स्थानीय तहका सवै कार्यालयहरु, सवै पदाधिकारी एंव कर्मचारीहरुले पालना गर्नुपर्ने उक्त मार्गदर्शनमा उल्लेख

छ। पालिकाको वित्तीय समानीकरण अन्य सस्था सहायता शिर्षकबाट रु.७ लाख ५४ हजार आर्थिक सहायता वितरण गरेको देखियो। आर्थिक सहायता वितरण गर्नुपुर्व पालिकाले आर्थिक सहायता मापदण्ड एंव कार्यविधि तयार नगरेको, ठूलो रकम आर्थिक सहायताको रुपमा व्यक्ति तथा संस्थालाई वितरण गर्ने गरेको, आर्थिक सहायता पाउने व्यक्ति तथा संस्थाको लगत राख्ने नगरेको जस्ता अवस्था देखियो। पालिकाले आर्थिक सहायता एंव अनुत्पादक चालु प्रकृतिका खर्चमा कटौती नगरी पूँजिगत खर्चको हिस्सा बढाउन सक्ने अवस्था छैन। उत्पादनशिल क्षेत्रमा लगानी नगरी आर्थिक बृद्धि हासिल गर्न नसकिने भएकोले यस्ता प्रकृतिका खर्चमा कटौती गर्नुका साथै तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता र औषधी उपचार खर्च लेखुपर्ने देखिन्छ। पालिलकाको समानिकरण चालु तर्फको लेखापरीक्षण छनौटमा परेका केही भौचरको परीक्षण गर्दा चालु आ. व. मा विभिन्न व्यक्ति तथा संस्थालाई वितरण गरेको आर्थिक सहायता यस प्रकार छन्

| गो भौ न र मिति | आर्थिक सहायता पाउने व्यक्ति तथा संस्थाको नाम | सहायता रकम |
|---|---|---|
| ८५/०७६/०७/२८ | खुमलाल शर्मा | १५००० |
| ८९/०७६/७/२९ | कलिमाया वि क | १५००० |
| ९२/०७६/०८/१ | सित कुमारी गुरुङ | १०००० |
| ९७/०७६/८/१ | लक्ष्मी थापा | २५००० |
| २२८/०७६/१०/१४ | स्याङ्जा वहिरा संघ | २५००० |
| २४१/०७६/१०/२१ | मगन वहादुर गुरुङ/मनोज परियार | १०००० |
| २४३/०७६/१०/२१ | विवस ढकाल | २०००० |
| २५५/०७६/१०/२३ | सुदिप नेपाल | १५००० |
| २८१/०७६/१०/२९ | चम्ल्याहा वालपोषण अनुदान सुनिता पौडेल | ५०००० |
| २८८/०७६/१०/२९ | अपाङ्गता पौष्टिक आहार वितरण | ५०००० |
| ३४५/०७७/१/१४ | सम्झना पल्ली मगर | २०००० |
| ३५४/०७७/१/२२ | राजु परियार | १५००० |
| ३५५/०७७/१/२३ | पुर्ण वहादुर गोदार | १५००० |
| ५३१/०७७/३/२३ | विपन्न नागरिकलाई औषधी उपचार खर्च | १०८००० |
| ६००/०७७/३/२९ | अपाङ्ग स्याहार मासिक भत्ता ३२ जनालाई १२ महिनाको प्रतिमहिना १ हजार | ३६१००० |
| | जम्मा | ७५४००० |

यसरी विभिन्न व्यक्ति तथा संस्थालाई सहायता प्रदान गर्दा निश्चित मापदण्ड एंव कार्यविधि बनाई सोका आधारमा मात्र प्रदान गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

**अनुत्पादक तथा वितरणमुखी खर्चः** सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाको समानीकरण चालुतर्फको नमुना छनौटको आधारमा केही भौचरहरुको परीक्षण गर्दा देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा रु.१७ लाख ६६ हजार खर्च गरेको देखिन्छ। यसरी हुने खर्चमा नियन्त्रण गर्नुपर्दछ।

| गो भौ न र मिति | कार्यक्रम तथा भुक्तानी पाउने संस्थाको नाम | रकम |
|---|---|---|
| ९/०७६/५/३० | सुर्यतारा युवा क्लव पोखरा | १०००० |
| २४/०७६/६/५ | शितला युवा क्लव तिज गित प्रायोजनार्थ | ५०००० |
| ११/०७६/५/३० | स्याङ्जा सास्कृतिक कला केन्द्र | १५०००० |
| ६१/०७६/७/२२ | स्याङ्जा युवा क्लव | ९५००० |
| ६२/०७६/७/२२ | नगर स्तरिय अन्तर मा वि मेयर कप खेलकुद | १२५००० |

| | | |
|---|---|---|
| ६५/०७६/७/२४ | शितला युवा क्लव | ६०००० |
| ९४/०७६/८/०१ | नेवा खल राङखोला | २५००० |
| १०५/०७६/८/८ | वडा नं ६ टक्सार तिज गित प्रतियोगिता खर्च भुक्तानी | ५०००० |
| १३४/०७६/८/२३ | स्याङ्जा भ्यु टावर तथा हरियाली उद्यान उपभोक्ता समिती | ५६४५० |
| १५१/०७६/८/३० | चण्डीकालीका वोर्डिङ स्कुल शैक्षिक भ्रमण सहयोग | २५००० |
| १५६/०७६/९/१ | वालहित आधारभुत विधालय खेलकुद सामाग्री तथा शैक्षिक भ्रमण | ७५००० |
| १५७/०७६/९/१ | समता स्कुल शैक्षिक भ्रमण | २५००० |
| २९६/०७६/११/०१ | सामुदायिक विकास कोष तिज गित प्रतियोगिता | ५०००० |
| ३३६/०७६/१२/२८ | चण्डिकालिका कोर्ट दशै पुजा खर्च | १६६३१० |
| ३५६/०७७/१/२३ | चण्डिकालिका सेवा सुव्यवस्था समिती | ७६००० |
| ३५८/०७७/१/२३ | जिल्ला समन्वय महासंघ रजत महोत्सव खर्च | ४४०६५ |
| ४१३/०७७/२/२० | सातसय कोल्मा वराहकोट सम्पर्क मञ्च | ५०००० |
| ४८४/०७७/३/१५ | नगरस्तरिय मा वि मेयर कप खेलकुद | ५३९००० |
| ५४१/०७७/३/२३ | दुर्गा पुजा तथा तिज गित प्रतियोगिता | ७०००० |
| ५९८/०७७/३/२९ | कोल्मा युथ क्लवलाई अनुदान | २५००० |
| | जम्मा | १७६६८२५ |

**स्वीकृत दरवन्दी वेगरको करार सेवाः** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७४।१२।१४ मा जारी स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने कार्यविधि, २०७४ मा स्वीकृत दरवन्दी भन्दा अन्य रुपमा कर्मचारीहरु राखी तलव भत्ता वा पारिश्रमिक भुक्तानी गर्न नमिल्ने र त्यस्तो कार्य प्रचलित कानून विपरीत भई भुक्तानी गर्ने पदाधिकारीबाट असूल उपर गर्नुपर्ने व्यवस्था गरेको छ। नगरपालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ र ८७ तथा मन्त्रालयबाट जारी भएको उपरोक्त कार्यविधिमा उल्लिखित विपरीतको विभिन्न १२ पदमा कार्यालय सहयोगी २० समेत जम्मा ५० जनालाई मासिक जम्मा रु.११ लाख १० हजारका का दरले तलब सुविधा तोकी दशै खर्च समेत १३ महिनाको जम्मा भुक्तानी भएको रकम नियम १४४३०००
संमत नभएको रु...

**अन्य कार्यालयको खर्चः** स्थानिय तहले खर्च गर्दा मितव्ययी तवरले खर्च गर्नुपर्दछ पालिकाले भौ नं २५८/०७६/१०/२७ वाट जिल्ला समन्वय समिती महासंघको स्थापना दिवस तथा रजत जयन्ती मनाउन रु२०१०६०।०० भौ नं ६०३।०७७।३।२९ वाट उधोग वाणिज्य माहासंघलाई भुक्तानी दिई रु २०००००।०० गरी जम्मा रु ४०१०६० खर्च लेखेको छ। गाँउपालिकाको आफ्नो सम्वन्धित कार्यलय वाहेकका अन्य कार्यालयको कार्यक्रम खर्च तथा मर्मत सम्भार गर्न सोही कार्यालयवाट वजेट व्यवस्था हुने र सोही कार्यालयवाट नियमानुसार खर्च गर्ने भएकोले नगरपालिकामा यस्तो प्रकृतीको खर्चले थप व्ययभार वढ्दै जाने देखिन्छ। यस्तो प्रकृतीको खर्चमा नियन्त्रण गर्नुपर्दछ।

**नपुग कर कट्टीः** आयकर ऐन २०५८ को दफा ८८(१) अनुसार सेवा शुल्क वापतको भुक्तानीमा १५ प्रतिशत कर कट्टी गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले नगरपालिका भित्र रहेका धार्मिक ऐतिहासिक पर्यटकिय सास्कृतिक स्थलहरुको श्रव्यदृष्य प्रचारप्रसार सामाग्री निर्माण वापत डिजिटल स्टार रेकर्डिङ स्टुडियो पोखरालाई रु ४४६५००।०० भुक्तानी गर्दा १.५ प्रतिशत मात्र करकट्टी गरेकोले नपुग कर १३.५ प्रतिशतले हुन आउने ६०
रु ६०२७८ असुल गरी सञ्चित कोष दाखिला गर्ने रु..
रकम रु ६०२७८ असुल गरी सञ्चित कोष दाखिला गर्ने रु..

**कृषिमा अनुदानः** नगरपालिकाले अनुदानग्राहीलाई कृषिमा अनुदान दिदाँ अनुदानसम्वन्धी गण्डकी प्रदेश भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालयको अनुदानसम्वन्धी कार्यविधिलाई आधार लिई स्पष्ट कार्यविधि बनाई अनुदान वितरण गर्नुपर्नेमा पालिकाले चालु आर्थिक वर्षमा सामान्य प्रस्तावना तथा तोक आदेशका आधारमा

प्रस्तावनाको शत प्रतिशतले हुने रकम निम्न अनुदानग्राहीलाई विभिन्न प्रयोजनको लागि वितरण गरिएको रकम अनियमित देखिएको रु... ८५००००

| सि न | गो भौ न र मिति | अनुदानग्राहीको नाम | रकम |
|---|---|---|---|
| १. | ४४३/०७७/२/३० | गाउँवेशी वाख्रा फर्म | १००००० |
| २. | | आशिष वाख्रा फर्म | १००००० |
| ३. | | गोदार वाख्रा पालन उधोग | ५०००० |
| ४. | | पोखरी छाप आर्गनिक कुखुरा फर्म | ५०००० |
| ५. | | एभरेष्ट कृषि तथ पशुपालन फर्म | ५०००० |
| ६. | | पियुषा वाख्रा फर्म | ५०००० |
| ७. | | लव विक्रम थापा | ३०००० |
| ८. | | देउराली पशुपंक्षी पालन तथा कृषि फर्म | ५०००० |
| ९. | | कमला देवी इन्टरप्राइजेज | ४०००० |
| १०. | | आरोग्य एण्ड एग्रोटेक सेन्टर | ४०००० |
| ११. | | गंगा तिम्सीना एकिकृत एग्रो फर्म | ४०००० |
| १२. | ४१५/०७७/२/२१ | वैरेनी भैसी तथा कृषि फर्म | २००००० |
| १३. | ४००/०७७/२/१४ | मिलिजुली कृषि तथा पशुपालन फर्म | ५०००० |
| जम्मा | | | ८५०००० |

८. **कानूनी आधार वेगरको कार्यविधि बनाई घुम्तीकोष संचालनः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा ऐन बनाउने, ऐनको अधिनमा रही निर्देशिका, कार्यविधि, तथा मापडण्ड बनाउने व्यवस्था भएकोमा पालिकाले उक्त दफाले दिएको अधिकार प्रयोग नगरी कुनै पनि ऐन तथा कानूनको आधार वेगर वडा विकास कार्यक्रम संचालन कार्यविधि, २०७५ (पहिलो संशोधन २०७७) बनाई नगरकार्यपालिकाले स्वीकृत गरी कार्यविधि बमोजिम उद्यमशिलता, सिर्जनशिलता तथा सीपको विकास गरी कृषि तथा पशुपाल व्यवसायिकता अपनाई कृषि उत्पादनमा आत्मनिर्भर भई समृद्ध पुतलीवजार वनाउने उदेश्य प्राप्तीको लागि वडामा समूह वनाई बढीमा २ वर्षभित्रमा सवै रकम पलिकाको घुम्ती कोषमा फिर्ता गर्ने संझौता गरी एक समूहलाई बढीमा रु.१० लाखका दरले रकम भुक्तानी दिएको पाइयो। कार्यक्रमको उदेश्य स्थानीय साधन स्रोतको उच्चतम प्रयोग गरी रोजगारी सिर्जना गर्ने भएता पनि कानूनी आधार वेगरको कार्यविधि बनाई रकम वितरण गरेको तथा फिर्ता आएको व्याज तथा सावाँ रकमको परिचालन तथा व्यवस्थापन कसरी गर्ने विषम समेत स्पष्ट नभएकोले यसमा सुधार गर्नुपर्ने देखिन्छ। नगरपालिकाको आर्थिक वर्ष ०७६/०७७ सम्मको घुम्तिकोषमा भएको लगानी तथा असुली विवरण यस प्रकार रहेको छ।

| वडा न | घुम्तिकोष लगानी भएका संस्था संख्या | लगानी | असुली | | जम्मा | लगानीमा रहेको |
|---|---|---|---|---|---|---|
| | | | सावाँ | ब्याज | | |
| १. | ० | ० | ० | ० | ० | ० |
| २. | ४ | ५००००० | १००००० | १६४९२ | ११६४९२ | ४००००० |
| ३. | १६ | ३४००००० | ११५१००० | २७६८३२ | १४२७८३२ | २२४९००० |
| ४. | ९ | १९००००० | ३०६००० | ४९५२९ | ३५५५२९ | १५९४००० |
| ५. | ११ | १६५०००० | १७५५०० | ५५९१३ | २३१४१३ | १४७४५०० |
| ६. | ८ | ७००००० | ६७७००० | १०२७१७ | ७७९७१७ | २३००० |
| ७. | ११ | १२००००० | २८२००० | ४८८१९ | ३३०८१९ | ९१८००० |
| ८. | ४ | १०५०००० | १८८००० | ४१७१२ | २२९७१२ | ८६२००० |
| ९. | ६ | १३००००० | २३०७०० | ३४५०८ | २६५२०८ | १०६९३०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १०. | ६ | ९००००० | ६६०००० | ९९०६४ | ७५९०६४ | २४०००० |
| ११. | १३ | ३१५०००० | ५५३००० | ९९०९१ | ६५२०९१ | २५९७००० |
| १२. | ५ | १४५०००० | २९१००० | ६४४९१ | ३५५४९१ | ११५९००० |
| १३. | १६ | ३४५०००० | २६७७१०० | १९३६९४ | २८७०७९४ | ७७२९०० |
| १४. | १० | १३५०००० | २८०४१२ | ५६६८७ | ३३७०९९ | १०६९५८८ |
| जम्मा | ११९ | २२०००००० | ७५७७७१२ | ११३९५४९ | ८७१७२६१ | १४४२२२८८ |
| ०७५/०७६ को अ.ल्या | २८ | ६१९५००० | ० | ० | ० | ६१९५००० |
| | कुल जम्मा | २८१९५००० | ७५७७७१२ | ११३९५४९ | ८७१७२६१ | २०६२३२८८ |

उल्लिखित विवरणको विश्लेषण गर्दा लगानी भएका संस्थाको संख्या धेरै रहेकोले सोलाई व्यवस्थित रुपमा संचालन गर्नको लागि थप कार्यविधि बनाउनु पर्ने तथा लगानीको रकम समेत ठूलो रहेकोमा लगानी तथा ब्याज रकमको प्रभावकारी परिचालन एंव सरकारी रकमको उचित प्रवन्धको लागि घुम्तीकोष परिचालनको सम्वन्धमा समेत नगरपालिकाले ध्यान दिनुपर्ने देखियो।

**वित्तीय समानीकरण पूँजीगत:**

९. **मापदण्ड विपरीत बाटो निर्माण:** वस्ती विकास ,शहरी योजना तथा भवन निर्माण सम्वन्धी आधारभुत मार्गदर्शन, २०७२ को बुँदा नं.१४.११ मा साविक वस्तीहरुका साना बाटाहरुमा समेत एम्बुलेन्स वा दमकल पुग्नसक्ने गरी कम्तिमा ४ मिटर चौडाई हुनेगरी स्थानिय निकायले बाटो विस्तार गर्नुपर्ने व्यवस्था भएकोमा नगरपालिकाले निम्न अनुसारका नयाँ मोटरबाटो निर्माण कार्य गर्दा ४ मिटर चौडाइ भन्दा कमका बाटो निर्माण गरेको पाइयो। यसरी बाटोको चौडाई मापदण्ड विपरीत राख्दा मानव वस्तीलाई प्रतिकुल असर पर्ने तथा मापदण्डको समेत पालना नभएकोले यसतर्फ नगरपालिकाले ध्यान दिनुपर्दछ।

| सि न | आयोजनाको नाम | वडा नं. | लागत अनुमान |
|---|---|---|---|
| १. | शेरा बरकोरुख सिद्धार्थ राजमार्ग मोटर बाटो | ४ | १००००० |
| २. | अर्भेड देखि वडा कार्यालयसम्म मोटर बाटो | ८ | ५००००० |
| ३. | सुम्रेखोला थामडाँडा नारायणगढ हुदै लुम्दी मनकामना पेल्काचौर सडक | १० | ५००००० |
| ४. | कुवापानी अस्मती आहाले ग्रामिण सडक | ६ | २००००० |
| ५. | मायाटारी धुर्सेनी पेल्काचौर कृषि ग्रामिण सडक | १२ | १५००००० |
| ६. | पोखरीचौर डिही फुलबारी ग्रामिण सडक | ११ | १००००० |
| ७. | गैराबारी कोइरालाडाँडा देखि अधिकारी डाँडा ग्रामिण सडक | ११ | २००००० |
| ८. | नारायणगढ भन्ज्याङ देखि मोटरबाटोसम्म ग्रेबल बाटो | १० | ५०००० |
| ९.. | कान्छीबजार हलहले देखि चन्द्रकोट सम्म ग्रामिण सडक | १० | ५००००० |
| १०. | प्युरीदोभान कदमे बरडाँडा ग्रामिण सडक | ६ | ३००००० |
| ११. | अन्नपुर्ण विद्यालय हिरवासे ग्रामिण सडक | ६ | १००००० |
| १२. | भन्जयाङ धोबादी गैया सादिखोला ग्रामिण सडक | ८ | ४००००० |
| १३. | झाक्रीडाँडा देखि स्यानडाँडा | ७ | १५०००० |
| १४. | हुविभन्ज्याङ देखि सम्यान ग्रामिण सडक | ७ | ५०००० |
| १५. | हिलेखेत देखि ओराला सम्म मोटरबाटो निर्माण | ८ | १००००० |
| | जम्मा | | ४७५०००० |

१०. **उपभोक्ता समिति छनौट:** सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ९७ मा एक करोड सम्मको लागत

अनुमान भएको निर्माण कार्य वा सव सम्बन्धि सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति परिमाण लाग्ने रकम उपभोक्ता समिति वा लाभग्राहि समुदायले व्योहोर्ने वा बेहोर्नुपर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाइ सार्वजनिक निकायले सार्वजनिक सुचना प्रकाशन गरि प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आंफैले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ। तर कार्यालयले यस बर्ष उपभोक्ता समितिबाट कार्य गराउंदा सम्झौताबाहेक सम्झौता पुर्वका उक्त प्रकृया पालना गरेको कुनै कागजात तथा आधार पेश हुन आएन। यसबाट विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिसपर्धात्मक तवरले भएको देखिएन। यसबाट निर्माण कार्यको समय लागत र गुणस्तरमा असर पर्ने हुंदा उपभोक्ता समिति वा लाभग्राहि समुह छनौट गर्दा उक्त नियमावलिको व्यवस्था पालना गरि पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गरिनु पर्दछ।

२१. **जटिल प्रकृतिको कार्य उपभोक्ता समितिबाट गराएको:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी सिर्जना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा जटिल प्रकृतिका कार्य उपभोक्ता समितिमार्फत गराउन नहुने उल्लेख छ। यस नगरपालिकाले निम्न योजनाहरुमा उपभोक्ता समितिको शून्य लागत तथा श्रममा समितिसंग संझौता गरी निर्माण कार्यय गरेको पाइयो। उक्त कामको लागि प्राविधिक मूल्यांकन भएका कार्यहरु निर्माण व्यवसायीका ह्याभी मेशिन उपकरणहरु प्रयोग गरी शत प्रतिशत मेशिनबाट भएको कार्य स्वीकार प्रतिवेदनबाट देख्न सकिन्छ। यसरी उपभोक्ता समितिमार्फत उपकरण प्रयोग गरी काम गराउँदा प्रतिस्पर्धा नहुने, प्राविधिक ज्ञानको अभावमा कामको गुणस्तर नहुने, पूर्ण रुपमा मेशिन प्रयोग गरी कार्य गराउँदा रोजगारी सिर्जना नहुने अवस्था देखिने हुँदा यसरी गरेको कार्य ऐनको प्रतिकूल समेत देखिन्छ। यस्ता जटिल प्रकृतिका कार्यहरु निर्माण व्यवसायीबाट प्रतिस्पर्धा गराई गर्नुपर्नेमा समितिको अपनत्व नै नहुने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले नियमावलीको पालना गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

| गो भौ न र मिति | योजना तथा उपभोक्ता समितिको नाम | संपन भएको कामको विवरण | कूल लागत अनुमान रकम | उपभोक्ता समितिको अंश |
|---|---|---|---|---|
| ०३,२०७६.०६.०६ | पुष्पलाल शालिक निर्माण उपभोक्ता समिति | पुष्पलाल शालिक निर्माण कार्य | ३२८२३६३ | ०.०० |
| ०५,२०७६.०६.०९ | ८ नं वडा कार्यालय भवन निर्माण उपभोक्ता समिति | ८ नं वडा कार्यालय भवन निर्माण | ६१११३४७ | ०.०० |
| | जम्मा | | ९३९३७१० | ०.०० |

२२. **प्रविधिक मूल्यांकन भन्दा बढी भुक्तानी: ७७१।२०७७।०३।३१** सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम ९७ (६) मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, बील, भरपाई र खर्च प्रमाणित गर्ने कागजात त्यस्तो समितिले सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था रहेकोमा पुष्पलाल शालिक निर्माण कार्यको लागि पुष्पलाल शालिक निर्माण उपभोक्ता समितिलाई अन्तिम तथा दोस्रो रनिङ्ग बील भुक्तानीमा कूल प्राविधिक मूल्यांकन रु. २१०३७००।०० भएकोमा रु २२८९१६५।०० भुक्तानी दिएकोले प्राविधिक मूल्यांकन भन्दा बढी भुक्तानी भएको रु.१८५६९९।०० सम्वन्धित उपभोक्ता समितिबाट असूल गरी संचित कोषमा दाखिला गर्नुपर्ने रु...

२३. **फर्मवर्कको काममा बढी दररेट राखी लागत अनुमान तयार गरेको:** ७७१।२०७७।०३।३१ सार्वजनिक खरिद नियमावली ,२०६४ (१०) मा दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा नर्म्स अनुसार लागत अनुमान तयार गर्नुपर्ने उल्लेख भएकोमा नगरपालिकाले पुष्पलाल शालिक निर्माण कार्यको लागि पुष्पलाल

शालिक निर्माण उपभोक्ता समितिलाई फर्मवर्क कार्यको प्रति बर्गमिटर रु. ७०३।४५ का दरले दर निर्धारण गरी भुक्तानी गर्नुपर्नेमा ओभरहेड समेत राखी प्रति बर्गमिटरको रु. १५००।०० राखी दर विश्लेषण गरेको पाइयो। २३.९२ वर्गमिटरको फरक दर रु. ७९६।५५ का दरले बढी भुक्तानी भएको रु. १९०५३।०० सम्बन्धित उपभोक्ता समितिबाट असूल गरी दाखिला गर्नुपर्ने रु.. १९०५३

२४. **मूल्यांकन भन्दा बढी भुक्तानीः** ०५।२०७६।११।०२ सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम ९७ (६) मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, बील, भरपाई र खर्च प्रमाणित गर्ने कागजात त्यस्तो समितिले सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था रहेकोमा नगरपालिकाले ८ नं वडा कार्यालय भवन निर्माण कार्यको लागि ८ नं वडा कार्यालय भवन निर्माण उपभोक्ता समितिसंग रु.६२५४९४१।०६ मा संझौता भई सोही बमोजिम कार्य भएकोमा उक्त समितिबाट भएको कार्यको प्राविधिक मूल्याकन रु.६०९२०५२।६३ को मात्र भएको छ। मूल्यांकनको आधारमा समितिले वेहोर्ने अंश रु. १४३६००।०० लाई आनुपातिक रुपमा कट्टा गरी पालिकाबाट रु. ५९५२१९२।०० मात्र भुक्तानी गर्नुपर्नेमा रु.६०९२०५३।०० भुक्तानी भएकोले बढी खर्च भएको रकम रु. १३९८६०।०० सम्बन्धित उपभोक्ता समितिबाट असूल गरी दाखिला गर्नुपर्ने रु... १३९८६०

२५. **बीमा प्रिमियममा मू अ कर भुक्तानीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा रु.१० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले तोकिएको आइटमको बीमा गराउनु पर्ने व्यवस्था भएकोमा व्यवसायीबाट सोही बमोजिम बीमा गराएको छ निर्माण व्यवसायीले प्रोभिजनल समको आइटममा पर्ने प्रिमियम शुल्क तिर्दा नै उक्त रकममा मू.अ. कर समावेश हुने भएकोले नगरपालिकाले निम्न कार्यको लागि बीमावापतको रु १८८४९६।०० को भुक्तानी गर्दा उक्त रकममा पुन मू.अ. कर समेत जोडी भुक्तानी दिएकोले १३ प्रतिशतले हुने रु. २४५०४।०० सम्बन्धितबाट असूल गरी संचित कोषमा दाखिला गर्नुपर्ने रु... २४५०४

| गो भौ न र मिति | निर्माण व्यवसायीको नाम | योजनाको नाम | बीमा प्रिमीयम वापतको रकम | १३ प्रतिशतले हुने रकम |
|---|---|---|---|---|
| २९३.०७६.१०.२८ | एन. एण्ड एन कन्सट्रक्सन एण्ड सप्लायर्स | ढडुवा लिफ्टिङ्ग खानेपानी तथा सरसफाई आयोजनाको | ८८४९६ | ११५०४ |
| ४०७,०७७.०२.१८ | बाबुल।अफ्जल निर्माण सेवा जे भी | रजस्थल खेलमैदान निर्माण | १००००० | १३००० |
| | | जम्मा | १८८४९६ | २४५०४ |

२६. **सीमा भन्दा बढी तथा आर्थिक अधिकार नभएको व्यक्तिबाट लागत अनुमान स्वीकृतः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान स्वीकृत गर्नुपर्ने तथा नियम १४ (ग) मा रु .५ देखि १० करोड रुपैयाँसम्मको निर्माण कार्यको लागत अनुमान राजपत्राङ्कित प्रथम श्रेणीको कार्यालयल प्रमुखबाट स्वीकृत गर्नुपर्ने व्यवस्था भएकोमा नगरपालिकाले आर्थिक अधिकार नभएका तथा तोकिएको सीमाभन्दा बढी रकमको निम्म योजनाहरुको लागत अनुमान निमित्त प्रमुख प्रशासकीय अधिकृत (शिक्षा नवौं तह)मा कार्यरत श्री दयाराम गौतमबाट स्वीकृत भएको पाइयो। यसरी नियमावलीमा भएको व्यवस्थाको पालना नभएकोले पालिकाले नियममा भएको व्यवस्थाको पालना गर्नेतर्फ ध्यान दिनुपर्दछ।

| क. स. | योजनाको नाम | स्वीकृत लागत अनुमान |
|---|---|---|
| १ | जाँडखोला पेल्काचौर सडक स्तरउन्नती | ७७९२०३४६.५५ |
| २ | नयाँवजार ठूलाडिही सडक स्तरउन्नती | ७८०१५०६१.८३ |
| | जम्मा | १५५९३५४०८.३८ |

२७. **स्थनीय पूर्वधाधार विकास साझेदारी कार्यक्रमः**

| | | |
|---|---|---|
| | बढी मू.अ.कर रकमः १३।२०७७।०२।२९ नगरपालिकाले राङ्गखोला धोवादी सडक योजना स्तरउन्नती कार्यको लागि राङ्गखोला धोवादी सडक योजना स्तरउन्नती उपभोक्ता समितिलाई कूल प्राविधिक मूल्यांकन मध्ये डोजरबाट भएको कामको लागि मू.अ. कर समेत रु. ९६६५५१।०० खर्च लेखेकोमा उपभोक्ता समितिले रु.८८४६७६।०० को मात्र कर विजक पेश गरेकोले बाँकी रु. ८१८७५।०० को १३ प्रतिशतले हुने रु.१०६४४।०० सम्वन्धित उपभोक्ता समितिबाट असूल गरी दाखिला गर्नेपर्ने रु.. | १०६४४ |
| २८. | औद्योगिक ग्राम अनुदानः संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ। नगरपालिकामा औद्योगिक ग्राम निर्माण कार्यको लागि संघीय उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट प्राप्त भएको रु= ९२ लाख मध्ये यस आ= व मा रु= ४८ लाख ३५ हजारमा उक्त कार्यको लागि ठेक्का संझौता भई सकेकोले बाँकी रकम रु= ४३ लाख ६५ हजार आषाढ समान्तसम्ममा खर्च नभई बाँकी रहेकोमा उक्त रकम फिर्ता गरेको पाइएन। खर्च नभई बाँकी रहेको रकम सम्बन्धित निकायमा फिर्ता गरी सोको प्रमाण पेश गर्नुपर्ने रु== | ४३६५४३१ |
| २९. | कृषिमा अनुदानः १६९।२०७६।०९।१४ नगरपालिकाले अनुदानग्राहीलाई कृषिमा अनुदान दिदाँ अनुदानसम्वन्धी गण्डकी प्रदेश भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको अनुदानसम्वन्धी कार्यविधिलाई आधार लिई स्पष्ट कार्यविधि बनाई अनुदान वितरण गर्नुपर्नेमा पालिकाले चालु आर्थिक वर्षमा सामान्य प्रस्तावना तथा तोक आदेशका आधारमा प्रस्तावनाको शत प्रतिशतले हुने रकम एवोगार्ड नर्सरी चण्डीकालिका कृषि, फलफूल तथा पशुपालन फर्मलाई एकमुष्ठ रु.१० लाख अनुदान प्रदान गरेकोमा उक्त अनुदानको दिगोपना तथा वितरणको लागि कुनै कार्यविधि नबनाएकोले यसरी वितरण भएको रकम अनियमित देखिएको रु.. | १०००००० |
| ३०. | दुई निकायबाट अनुदानः ७९२।२०७७।०३।३१ गण्डकी प्रदेश सरकारबाट जारी भएको कृषि, पशुपन्छी तथा मत्स्य नमूना फार्म कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा ९ मा विगतका वर्षहरुमा सरकारी तथा गैरसरकारी संस्थाबाट अनुदान पाएका आवेदकहरुलाई छनौटको मूल्यांकन प्रक्रियामा समावेश नगरिने व्यवस्था छ। नगरपालिकाले भालुपहाड गोठिङ्ग कृषक चक्लावन्दी समूहलाई योजनाका विभिन्न कार्यहरुको लागि नगरपालिकाको ९० प्रतिशत तथा समूहको १० प्रतिशत लागत साझेदारीमा रु.२८८८८८८।०० मिति २०७७।०२।२१ मा संझौता गरी प्राविधिक मूल्यांकानका आधारमा कर कट्टी गरी रु.२२२०८८४।०० भुक्तानी दिएको पाइयो। सोही समूहलाई भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय गण्डकी प्रदेशबाट समेत मिति २०७७।०३।३० गोश्वारा भौचर न. २५६ बाट रु. ५६०००००।०० भुक्तनी भएको छ। अनुदानग्राही एउटै भएकोले दुवै निकायबाट प्राप्त अनुदान रकमको प्राविधिक मूल्यांकन एउटै हुन सक्ने तथा मन्त्रालयबाट प्राप्त अनुदान रकम तथा पालिकाबाट प्राप्त रकमको मूल्यांकन गर्ने प्राविधिक समेत अलग अलग भएकोले एउटै कामको दोहोरो मूल्यांकन हुने संभावना भएकोले अनुदान प्रदान गर्ने निकायबाट सोको वास्तविकता एकिन गरी काममा दोहोरो परेमा पालिकाबाट भुक्तानी भएको रकम सम्वन्धित अनुदानग्राहीबाट असूल गरी दाखिला गर्नुपर्ने रु... | २२२०८८४ |
| ३१. | समूहलाई कन्टिन्जेन्सी समेत भुक्तानीः ७९२।२०७७।०३।३१ भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय गण्डकी प्रदेशबाट जारी भएको चक्लावन्दी प्रबर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ को दफा १६ (४) मा छनौट भएका व्यक्तिहरुको समूह÷ सहकारी संस्था÷ कृषि उद्यमी÷ कृषि व्यवसायी÷कृषक समुह÷हरु लाई दिइने अनुदान रकम मध्येबाट ४ प्रतिशत रकम कन्टिन्जेंसी खर्च कट्टा गरी भुक्तानी दिनुपर्ने व्यवस्था भएकोमा नगरपालिकाले भालुपहाड गोठिङ्ग कृषक चक्लावन्दी समूहलाई योजनाका विभिन्न कार्यहरुवापत रु. २२२०८८४।०० भुक्तानी भएकोमा कन्टिन्जेन्सी बापत सोको ४ प्रतिशतले हुने रु.८८८३५।०० समेत | |

| | | |
|---|---|---|
| | भुक्तानी भएकोले सम्वन्धित समितिबाट उक्त रकम असूल गरी संचित कोष दाखिला गर्नुपर्ने रु.. | ८८८३५ |
| ३२. | **निर्देशिका विपरीत पेश्की दिएको: ३५।२०७७।०३।२५** सहकारी संस्थालाई अनुदान सुविधा प्रदान गर्ने निर्देशिका, २०७३ को दफा १८ मा अनुदानग्राहीलाई रकम भुक्तानी गर्दा संझौता भएपछि संझौता रकमको ५० प्रतिशत रकम र बाँकी ५० प्रतिशत रकम पहिले भुक्तानी भएको रकमको खर्चको फाँटवारी र निर्माण कार्यको हकमा रनिङ्ग बील सहितको अन्तरिम प्रतिवेदन प्राप्त भएपछि भुक्तानी गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले स्याङ्जा शीत भण्डार सहकारी संस्था लिमिटेडलाई रु= २९४२३७००।०० एकमुष्ठ पेश्की दिएको पाइयो। उक्त रकम नेपाल सरकार सहकारी विभागमार्फत प्राप्त भएको देखिन्छ। नेपाल सरकार सहकारी विभागको ६० प्रतिशत र सम्वन्धित सहकारी संस्थाको ४० प्रतिशत लागत साझेदारीमा संचालित संस्थाले २५०० मेट्रिक टन क्षमताको चिस्यान केन्द्र मध्येको ब्लक बी चिस्यान केन्द्र निर्माणको लागि इ-बिडिङ्ग मार्फत देवचुली कन्सट्रक्सन कम्पनी प्रा.लिसंग मिति २०७७।०४।२० गते मात्र संझौता भएको देखिन्छ। संझौता हुनुभन्दा पहिले नै सहकारी संस्थालाई शत प्रतिशत पेश्कीको रुपमा रकम प्रदान गर्नु उपयुक्त देखिएन। यसरी आषाढको अन्त्यमा रकम फ्रिज नगराउने उदेश्यबाट पेश्की दिएको रकम नियमसंमत नदेखिएको रु.. | २९४२३७०० |
| ३. | **डोजरबाट भएको कार्यको प्राविधिक मूल्यांकन नभएको:** नगरपालिकाले ब्याकहो लोडर/ट्रिपर तथा डोजरको तेल बाहेक प्रतिघण्टा भाडादर रु.२०००।०० कायम गरिएको छ। नगरपालिकाले चालु आ.व. मा आफ्नो नाममा रहेको डोजर वर्षभरी प्रयोग गरेको कार्यालयले राखेको सवारीको लकबुकबाट देखिन्छ। एक्साभेटर जम्मा ११५५ घण्टा प्रयोग भएको भएकोमा उल्लिखित भाडादरबाट बर्षभरी अन्य व्यक्ति तथा संस्थाबाट रु.११ लाख ८३ हजार आम्दानी प्राप्त भएको छ। बाँकी जम्मा ५६४ घण्टा कुन- कुन योजनामा प्रयोग गरियो भनी सोको रेकर्ड समेत अद्यावधिक नगरेको तथा सोको प्राविधिक मूल्यांकन समेत गरेको पाइएन। नगरपालिकाले कुन- कुन योजनामा मेशिन प्रयोग भएको हो र कति कार्य भएको सोको एकिन समेत नभएकोले नगरपालिकाले ५६४ घण्टको रु.२०००।०० का दरले हुने रु.११२७२००।०० को प्राविधिक मूल्यांकन गरी सोको प्रमाण पेश गर्नुपर्ने वा भाडामा दिएको भए कुन कुन व्यक्ति वा संस्थालाई दिएको सम्वन्धितबाट असूल गरी दाखिला गर्नुपर्ने रु.. | ११२७२०० |
| ४. | **विल भरपाई वेगरको भुक्तानी:१७२/०७७/३/३१** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ (३) अनुसार सार्वजनिक निकायले सरकारी रकम खर्च गर्दा सोलाई प्रमाणित गर्ने खर्चको बील भरपाई तथा रीत पुगे नपुगेको जाँच गरी लेखा राख्नुपर्नेमा कार्यालयले पाणिनी आधुनिक गुरुकुल आधारभुत विधालयको २ कोठे भवन निर्माणको प्राविधिक विल र कार्यसम्पन्न प्रतिवेदन वेगर नै पेश्की फछ्यौट गरेको रकमको प्राविधिक मुल्याङ्कन र कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु--- | १०७९००० |
| | **शिक्षा तर्फः** | |
| | **विल भरपाई वेगरको खर्चः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ (३) अनुसार सार्वजनिक निकायले सरकारी रकम खर्च गर्दा सोलाई प्रमाणित गर्ने खर्चको बील भरपाई तथा रीत पुगे नपुगेको जाँच गरी लेखा राख्नुपर्नेमा नगरपालिकाले निम्नानुसारका भौचरवाट खर्च लेखेको रकमको खर्चलाई प्रमाणित गर्ने विल भौचर तथा संलग्न गर्नुपर्ने कागजात लेखापरिक्षणको क्रममा पेश नभएकोले सो खर्चलाई प्रमाणित गर्नुपर्ने कागजात पेश गर्नुपर्ने रु---- | ८८०५९९ |

| गो भौ नं मिती | विवरण | खर्च रकम | कैफियत |
|---|---|---|---|
| ८६/०७७/२/२६ | संलग्न कागजात वमोजिम प्रोत्साहान अनुदान निकास गरिएको | ८५०००० | संलग्न कागजात नभएको |
| १४६/०७७/३/३० | विधालयको तलव निकासा | ३०५९९ | कुन विधालय र कुन |

| | | | |
|---|---|---|---|
| | | | त्रैमासिक नखुल्ने |
| | जम्मा | ८८०५९९ | |

**निशुल्क स्यानिटरी प्याड खरिदः** नगरपालिकामा आ.व. ०७६।७७ मा सामुदायिक विद्यालयका छात्राहरुलाई स्यानिटरी प्याड खरिद गर्न सशर्त अनुदानवाट रु १८ लाख ६६ हजार र समानिकरण अनुदानवाट समेत रु १ लाख वजेट विनियोजन गरी खर्च भएकोमा सोको सम्वन्धमा देखिएका केही व्यहोराहरु निम्नानुसार रहेका छन।

१. **प्रतिस्पर्धा वेगर खरिदः** सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा प्रतिष्पर्धा सिमित हुने गरी टुक्रा पारि खरिद गर्न नमिल्ने र नियमावलीको नियम ८४ मा स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार वीस लाख रुपैयासम्म लागत अनुमान भएको मालसामान, निर्माण कार्य वा जुनसुकै सेवा शिलवन्दी दरभाउपत्र वोलपत्रको माध्यमवाट खरिद गर्नुपर्ने प्रावधान रहेकोमा सामुदायिक विद्यालयका छात्राहरुलाई स्यानिटरी प्याड खरिद गर्दा कार्यालयले सोझै खरिद गर्न टिप्पणीद्धारा निर्णय गरी देहायका सप्लायर्स संग सोझै खरिद गरेको रकम अनियमित देखिएको रु १३३६९५०

| गो भौ नं मिति | आपुर्तिकर्ताको नाम | रकम | कैफियत |
|---|---|---|---|
| ६३/०७७/१/९ | सनिदेव सप्लायर्स | ४९५८०० | |
| १५०/०७७/३/३० | खालिद स्टोर्स | ४९९९८२ | |
| १४२/०७७/३/३० | चन्द्रोदय इन्जिनियरिङ एण्ड आल्मुनियम प्रा.लि | २४१६६१ | इन्सिनेटर खरिद |
| ४६१/०७७/३/४ | चन्द्रोदय इन्जिनियरिङ एण्ड आल्मुनियम प्रा.लि | ९९५०७ | इन्सिनेटर खरिद समानिकरण चालु |
| | जम्मा | १३३६९५० | |

६.२. **विल भरपाई वेगर खर्चः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ (३) अनुसार सार्वजनिक निकायले सरकारी रकम खर्च गर्दा सोलाई प्रमाणित गर्ने खर्चको बील भरपाई तथा रीत पुगे नपुगेको जाँच गरी लेखा राख्नुपर्नेमा नगरपालिकाले भौ नं १५५।०७७।३।३० वाट स्यानीटरी प्याड खरिद शिर्षकवाट रु ५८९१५७।०० खर्च लेखेकोमा सोलाई प्रमाणित गर्ने खर्चको विल भरपाई पेश गर्नुपर्ने रु ५८९१५७

६.३. **विद्यालयलाई वितरण नगरेकोः** कार्यालयले सामुदायिक विधालयका छात्राहरुलाई निशुल्क स्यानीटरी प्याड वितरण कार्यक्रम अन्तर्गत खरिद गरेका स्यानिटरी प्याड र २४ वटा इन्सिनेटर मेसिनहरु गत आ-व मा नै वितरण गरिसक्नुपर्नेमा लेखापरिक्षणकों अवधिसम्ममा पनि रु-५३७९६६।०० मूल्यको ८१५१ प्याकेट स्यानीटरी प्याड र १४ वटा इन्सिनेटर मेसिन विधालयमा वितरण नभई कार्यालयको स्टोरमा रहेको पाइयो। गत आ.व मा जस्तै यस आर्थिक वर्षमा पनि सोही शिर्षकमा वजेट विनियोजन हुने र अघिल्लो वर्षको मौज्दाता वाँकी वितरण भईनसकेको अवस्थामा यस वर्ष पनि खरिद गर्न वजेट विनियोजन गर्नु औचित्यपुर्ण देखिदैन ।कार्यालयले विद्यालयको लागि वितरण गर्ने भनी खरिद गरेका सामाग्री यथाशिघ्र वितरण गर्नुपर्ने देखिन्छ।

६.८. **शिक्षण सिकाई अनुदानः४२/०७६/१०/२२** विधालय क्षेत्र विकास कार्यक्रम कार्यन्वयन पुस्तिका २०७६।७७ को क्रियाकलाप नं २.७.१३.८ मा प्रतिविद्यार्थी लागतका आधारमा शिक्षण सिकाई सामाग्रि तथा एवम् कक्षा ८ को परिक्षा व्यवस्थापन अनुदानमा प्रारम्भिक वाल विकास/पुर्व प्रथामिक कक्षाका लागि प्रतिविद्यार्थी रु५००,कक्षा १ देखी ५ सम्म रु१५०, कक्षा ६ देखी १० सम्म रु२००, र कक्षा ११/१२ का विद्यार्थीलाइ रु २५० का दरले अनुदान दिने व्यवस्था रहेकोमा पालिकाको देहायका विद्यालयहरुको विभिन्न कक्षाको अनुदान निकासा र EMIS तथ्यांकको भिडान गर्दा विद्यार्थी संख्या भन्दा वढी संख्यामा अनुदान निकासा भएको पाइयो। यसरी विद्यार्थी संख्या भन्दा वढी निकासा भएको रकम सम्वन्धित विद्यालयवाट असुल गरी संघिय सञ्चित कोषमा ३१७५०

दाखिला गर्नुपर्ने रु

| बिधालय/कक्षा | EMIS विद्यार्थी संख्या | निकासा विद्यार्थी संख्या | वढी निकासा | दर | वढी निकासा |
|---|---|---|---|---|---|
| त्रिभुवन आर्दश मा वि | | | | | |
| १-५ | १६६ | १७० | ४ | १५० | ६०० |
| ९-१० | २३० | २४२ | १२ | २०० | २४०० |
| ११-१२ | २४१ | २५० | ९ | २५० | २२५० |
| कालिका मा वि शिशु | १३ | २६ | १३ | ५०० | ६५०० |
| मातृभुमि मा वि कक्षा ११-१२ | ४२ | ७२ | ३० | २५० | ७५०० |
| सरस्वती मा वि | | | | | |
| शिशु | १२ | १७ | ५ | ५०० | २५०० |
| ११-१२ | ० | ३० | ३० | २५० | ७५०० |
| पुण्यशिला मा वि शिशु | ४० | ४५ | ५ | ५०० | २५०० |
| | | | | जम्मा | ३१७५० |

३९. **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता:** ४४१/०७७/२/२९ अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। पालिकाले कोल्मा वराह क्याम्पसलाई ८ जना आंशिक शिक्षकको तलव र पुस्तक खरिद विल वापत समानिकरण अनुदानवाट रु ४ लाख अनुदान दिएको रकम अनियमित देखिएको रु--- ४००००० 

४०. **शिक्षक दरवन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ७० सामुदायिक विद्यालयहरुमा ४२५७ विद्यार्थी र ४६४ शिक्षक दरवन्दी रहेकोमा ११४ जना करार समेत ४६४ पदपुर्ति भएको एकमुष्ट तथ्याकंवाट देखिन्छ। पालिकावाट विद्यालयगत शिक्षक दरवन्दी पदपुर्ति विवरण उपलव्ध नभएकोले विद्यार्थी संख्या र शिक्षकको अवस्थावारे यकिन गर्न सकिएन। पालिकाले विद्यालयगत तथ्याकं अद्यावधिक गरी अभिलेख व्यवस्थित गर्नुपर्दछ।

४१. **भरपाई वेगर भुक्तानी: ६।२०७७।३।३०** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ को उपनियम (३) अनुसार खर्च गर्दा खर्चको बील भरपाइ तथा रीत पुगे नपुगेको जाँच गरी लेखा राख्नुपर्दछ भन्ने ब्यवस्था भएकोमा मसलन्द तथा कार्यालय सामाग्री,सेवा र परामर्श तथा विविध खर्च बापत रु१६२३१० खर्च भएको पाइयो । सो खर्चलाइ पुस्टी गर्ने रु३०००० को मात्रै विल भरपाई समावेश भएको र बांकि रु १३२३१० को खर्च प्रमाणीत गर्ने विलभरपाई समावेश नभएकोले सो रकम कहां कसरी र कति खर्च भयो सोको विल भरपाई प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु- १३२३१०

४२. **प्रधानमन्त्री रोजगार कार्यक्रम:**स्थानीय तहमा सुचिकृत वेरोजगार व्यक्तिलाई न्युनतम रोजगारी प्रत्याभुत गराउन प्रधानमन्त्री रोजगार एवम् सामुदायिक पुर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउन प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन भएको छ। नगरपालिकामा यस वर्ष प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कृषि सामाग्रीहरुको खरिद पर्यटन प्रर्वद्धनको लागि गोरेटोबाटो निर्माण खानेपानी संरचना लगायतका कार्यमा रु ४७ लाख ९९ हजार खर्च भएको देखिन्छ। प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ को दफा २ (ट) मा वेरोजगार व्यक्तिलाई स्थानिय तहको रोजगार सेवा केन्द्रमा सुचिकृत गरी परिचय पत्र वितरण गर्नुपर्ने

व्यवस्था गरेको छ। कार्यविधिको दफा १३(१) मा रोजगार सेवा केन्द्रमा सुचिकृत वेरोजगार व्यक्तिहरु मध्येवाट निर्देशिकाको दफा २१ को उपदफा (३) वमोजिमको प्रथामिकता क्रममा आधारमा काममा खटाउनु पर्ने व्यवस्था रहेको छ। नगरपालिकाले वेरोजगार व्यक्तिहरुको सुचि तयार गरि परिचयपत्र वितरण गरेर प्रथामिकताको आधारमा मात्र कामका लागी पारिश्रमिक कार्यक्रममा सहभागी गराउनु पर्नेमा सो गरेको पाइएन वडाको सिफारिसका आधारमा मात्र कामदारहरु छनौट गरी कार्यक्रम सञ्चालन गरेको देखिँदा वास्तविक वेरोजगार व्यक्तिहरुले नै रोजगारी प्राप्त गरे भन्ने आधार रहेन। कार्यक्रममा सहभागी कामदारको ज्याला वैकिङ प्रणालीवाट भुक्तानी गर्ने अवस्था हुदा हुदै सो नगरी डोर हाजिरीमा नै भर्पाई गरी पालिकावाट एकमुष्ट रुपमा एक जना व्यक्तिको नाममा रकम निकासा भएकोले वितररण गरिएको रकम विश्वसनिय छ भन्न सकिएन। आयोजना सञ्चालन पुर्व स्थानिय तहले प्राविधिक कर्मचारी खटाई प्राविधिक प्रतिवेदन तयार गर्नुपर्ने र सोको नियमित प्राविधिक सुपरिवेक्षण र अनुगमन गर्नुपर्नेमा कतिपय आयोजनामा प्राविधिक प्रतिवेदन संलग्न भएको छैन। कानुनमा भएको व्यवस्थाको पालना गर्दै सुचिकात वेरोजगारहरुले रोजगारी पाउने अवस्थाको सृजना गरेर रोजगार व्यवस्थापन सुचना प्रणालीलाई अद्यावधिक गर्दै कामका लागी पारिश्रमिक कार्यक्रमलाई विश्वसनिय तथा प्रभावकारी वनाउनुपर्दछ ।

**स्वास्थ्य तर्फः**

१३. **म्याद समाप्त भएको औषधीः** नगरपालिकाले पेश गरेको विवरण अनुसार नगरपालिका अन्तर्गत रहेका निम्न बमोजिमका परिमाणका औषधिहरु प्रयोगमा नआइ म्याद सकिएको लामो समय अबधि भई सक्दा पनि नष्ट नगरी राखेको पाइयो। यसरी बांकी रहेको औषधिहरुको गलत प्रयोग भई नागरिकको जीवनमा प्रतिकुल असर पर्ने सम्भावना देखिन्छ। नगरपालिका र स्वास्थ प्रमुख जिम्मेवार बनी यथाशिघ्र कानुनी प्रकृया पुरा गरी म्याद सकिएका औषधि नस्ट गर्नुपर्दछ।

| सि न | औषधि को नाम | म्याद समाप्त भएको | परिमाण |
|---|---|---|---|
| १ | Hydrocortisone Inj | 8/2020 | 60 |
| २ | Ferrous Sulphate Iron | Sep 2020 | 54 |
| ३ | Fluconazole150mg | Jul 2020 | 180 |
| ४ | Zinc Sulphate40mg | Nov 2019 | 1000 |
| ५ | Oxytocin Inj | Dec2019 | 25 |
| ६ | Megnessium sulphate | Jan2020 | 300 |
| ७ | Chlorhexadine oint | May 2020 | 250 |
| ८ | Pheniramine malate | Aug2020 | 40 |
| ९ | Trocef | May 2020 | 100 |
| १० | Rigner Lacted500ml | 7/2020 | 534 |
| ११ | Rexamol Syp125mg | Sep2020 | 350 |
| १२ | Folic acid | Oct2020 | 3600 |
| १३ | Promethazine25mg | Nov 2020 | 1500 |
| १४ | Metronioazole 200mg | Oct2020 | 500 |
| १५ | Iv canula 22g | Sep2019 | 129 |

१४. **औषधिको लोगो परीक्षणः** नगरपालिकाले खरिद गरेका औषधिहरुमा नेपाल सरकारको निशुल्क स्वास्थ कार्यक्रमका लागि भन्ने लोगो लगाउन पर्ने व्यवस्था छ। नगरपालिकाबाट खरिद औषधिहरुमा लोगो परीक्षण गर्दा २ वटामा INS SUPPLY २ वटामा Supply not for sal e र २ वटामा Supply for MOH not for sale लेखेको

पाइयो । जुन स्विकृत लोगोभन्दा फरक देखिन्छ ।

| सि न | औषधिको नाम | म्याद रहे नरहेको | निशुल्कको लोगो भए नभएको |
|---|---|---|---|
| १ | Beta dine 450mg | Nov2021 | Supply Not for sale |
| २ | Amoxycillin 125mg | Mar2021 | INS SUPPLy |
| ३ | Ciprofloxacin500mg | Nov 2022 | Supply Not for sale |
| ४ | Chlophenaramine4mg | Apr2022 | INS SUPPLy |
| ५ | Ranitidina150mg | Feb2022 | Supply For MOH Not for sale |
| ६ | Vit B Complex | Jun2021 | Supply For MOH Not for sale |

८. **औषधी खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ। स्थानीय तहहरुले उक्त प्रक्रिया वेगर विभिन्न मितिमा विभिन्न सप्लायर्सवाट रु २३ लाख ८२ हजारको औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निानुसार छनः

खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको

आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको

आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।

औषधिको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,

औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।

तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

**आन्तरिक लेखापरीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७(३) मा आन्तरिक लेखापरीक्षणले औंल्याएका व्यवहोराहरु अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनुपर्ने व्यवस्था छ। आन्तरिक लेखापरीक्षणबाट देखिएका व्यहोराहरु अन्तिम लेखापरीक्षण हुंदासम्म फछ्रयौंट नभएका व्यहोराहरु निम्नानुसार देखिएका छनः:

| गो भौ नं मिति | व्योहोरा | रकम |
|---|---|---|
| **असूल तर्फ** | | १८३६ |
| १०/२०७६/६/११ | तुल बहादुर थापाकर कट्टि गर्नुपर्ने | ८६०० |
| १०१/२०७६/८/४ | गोदगोदे गुडिखोला ग्रा.सबढी भुक्तानी | १०४४७ |
| १०३/२०७६/८/६ | गैरावारी आमडाडा मोटरबाटो कुवा उपभोक्ता समितिलाइ वढीभुक्तानी | ११००० |
| २४६/२०७६/१०/९ | ग्रामीण सडक एवं घर संरक्षण चम्डिला उस पेफ नभएकोले उ सबाट असूल गरी पे फ गर्नुपर्ने | |

| | | |
|---|---|---|
| ३१७/२०७६/११/३० | दराली गाउं हुदै पर्यटकिय स्थल जाने ग्रास बढी भुक्तानी | ७७३ |
| ४७८/२०७७/२/२९ | घोप्टे गैरा देउराली मर्मत योजना उस बढी भुक्तानी | ५७०२५ |
| ७३३/२०७७/३/३० | आकासे पानि टंकि निर्माण सुस्मिता क्षेत्री बढी भुक्तानि | २५६८ |
| ८१/२०७६/७/२७ | पोखरा हटलाइन राष्ट्रिय दैनिकवढी भुक्तानी | ३७१ |
| ८६/२०७६/७/२८ | नापि कार्यालयका निसान गुरुङ,तिर्थराज भण्डारी,प्रेमिस राना बढी भत्ता भुक्तानी | ४००० |
| १३६/२०७७/३/२८ | याम प्रसाद सर्मा मुल्याङकन भन्दा बढी भुक्तानी | १५०५२ |
| १७२/२०७७/३/३१ | पाणीनी आधुनिक गुरुकुलकम पेफ बढी भुक्तानी | ७१००० |
| | जम्मा | १८२६७२ |
| **प्रमाण तर्फ** | | |
| १०४/२०७६/८/६ | टुक बहादुरको घरदेखि हरिश्चन्द्रको घरसम्म जाने गोरेटो बाटो विल भरपाईनपुग | ६२३८ |
| १३७/२०७६/८/२३ | अरौंदि नयांवस्ती तटबन्ध विल भरपाई नपुग | ११९८९ |
| १५५/२०७६/९/१ | डडेला खानेपानी योजना विल भरपाई नपुग | २९०९ |
| २३९/२०७६/१०/८ | छेडिभेडी सिचांइ आ कमलराज मरासीनि विल भरपाई नपुग | २८४९ |
| ३१०/२०७६/११/२ | राम्चे वडास्तरीय खेलमैदान विल उस भरपाई नपुग | २२७५ |
| ३२३/२०७६/११/३० | तोरीखोला तल्लव विसौना ग्रास विल भरपाई नपुग | ६४७४० |
| ३५९/२०७७/२/७ | मुलकूती छाप सिम्ले मोटरबाटोको भौचरसंग डकुमेन्ट संलग्न नभएको | ५०००० |
| ४८२/२०७७/२/३० | स्याङजा हुनिकोट ग्रा स विल भरपाई नपुग | ३५४१७ |
| ६३७/२०७७/३/२३ | गैडाकोट कैलाश गुफा ग्रास विर बहादुर सिंह ठकुरी विलभरपाई नपुग | ४३१९२ |
| ६९८/२०७७/३/२७ | शिशुरञ्जन आ.वि मर्मत विलभरपाई नपुग | ८५१२ |
| ७७१/२०७७/३/३१ | स्याङजा बजारमा टावर निर्माण योजना विलभरपाई नपुग | २०९८०५ |
| ७९२/२०७७/३/३ | गोठीङ कृषक समुह विलभरपाई नपुग | ५००१५७ |
| ६१/२०७६/७/२२ | स्याङजा युथ क्लबलाइ भरत्तानी गर्दा विलभरपाई नपुग | १००० |
| २६४/२०७६/१०/२८ | प्रेम कुमारि पौडेल विल भरपाई नपुग | २७०० |
| २७६/२०७६/१०/२९ | नारायण थापा संचार र इन्धन विलभरपाई नपुग | ३००० |
| ५३९/२०७७/३/२३ | कल्पना गौतम विलभरपाई नपुग | १२०० |
| ५७०/२०७७/३/२५ | अर्जुन काफ्ले सक्कल विलभरपाई नभएको | ३२२७२ |
| ५७४/२०७७/३/२६ | महिला संजाल कार्यक्रम शक्ति चन्द्र अधिकारी,सुरज कुमार अधिकारी,दिपिन सापकोटा विलभरपाई नपुग | ५४०० |
| ६०९/२०७७/३/३० | पम नारायण पराजुली विन वितरण भरपाई पेश गर्नुपर्ने | ११२५०० |
| ६१८/२०७७/३/३० | शिवशक्ती एजी पाव सप्लायर्स सक्कल विल पेश गर्नुपर्ने | ९६०५४ |
| ६१९/२०७७/३/३० | तिलबहादुर रानामगर विल भरपाइ नपुग | ५०००० |
| ३०/२०७७/३/१९ | सिस्नेखोला पहारामुनी राजमार्गको सिचांइ कुलोनिर्माण विल भरपाई नपुग | १२६७ |
| ८०/२०७७/२/२५ | युवा परिचालन कार्यक्रम खर्च समिक्षाढकाल विल भौचर नभएको | ४१४३० |
| ११४/२०७७/३/२३ | सारदा मावी लुम्छाक विल भरपाइ नपुग | ४३६ |
| | जम्मा | १२८५३४२ |
| **अनियमित तर्फ** | | |
| ४११/२०७७/२/१९ | मिथिला नेपाल टेलिभिजन विल नेटबाट तानिएको तथा छाप नभएको | १९३७४ |
| ६६८/२०७७/३/३१ | पाल्पा भैरव मेटल उद्योग जिन्सी खरिद आदेश तथा दाखिला रिपोर्ट कार्यालय प्रमुखबाट प्रमाणीत नभएको | १६८७५५ |
| | जम्मा | १८८१२९ |

| | | | |
|---|---|---|---|
| | | कुल जम्मा | १६५६९४२ |

उल्लिखित विभिन्न व्यक्ति सस्था तथा निर्माण व्यवसायिलाई भएको भुक्तानीमा सम्झौता वमोजिम वढी भुक्तानी भएको, प्रमाण कागजात पेश गर्नुपर्ने र अनियमित भएको क्रमश रु१८२६७२।००, १२८५३४२।०० र १८८१२९।०० समेत गरी कुल जम्मा रु ।०० को उल्लेखित व्यहोरा अनुसार गर्नुपर्ने रु... १६५६१४३

४७. **पेश्की बाँकी:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ मा आर्थिक वर्षको अन्त्यसम्ममा पेश्की फछ्यौट गरी सक्नु पर्ने व्यवस्था भएकोमा नगरपालिकाको आर्थिक वर्षको अन्त्यसम्ममा फछ्यौट नभई बाँकी रहेको निम्नानुसार व्यक्ति, उपभोक्ता समिति तथा निर्माण व्यवसायीहरुको नाममा रहेको पेश्की रकम नियमानुसार असूल फछ्यौट गर्नुपर्ने रु... २६४०००

| गो भौ नं मिति | पेश्कीको विवरण | पेश्की लिने व्यक्ति/फर्म/कम्पनी | रकम |
|---|---|---|---|
| २०९/०७६/०९/२४ | कन्टेन्जेनसी | सामुदायिक रेडियो स्याङ्जा एफ एम | ९०००० |
| ५०/०७६/०६/२७ | कन्टेन्जेनसी | नेपाल कपडा तथा सिलाई व्यवसायी संघ | ९०००० |
| २२६/०७६/१०/०५ | देविस्थान भयरपाटा कटेरा चिरुवा ज्यामिरे दुई पालिका जोड्ने ग्रा स डि पि आ र | हुनिकोट खोप केन्द्र | ७३००० |
| १०६/०७६/०८/०८ | ग्रामिण सडक एंव घर संरक्षण चम्डिला | ग्रामिण सडक एंव घर संरक्षण चम्डिला | ११००० |
| जम्मा | | | २६४००० |

१. आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ मा आर्थिक बर्षको अन्त्यसम्ममा पेश्की फछ्यौट गरी सक्नुपर्ने व्यवस्था भएकोमा नगरपालिकाको आर्थिक वर्षको अन्त्यसम्ममा फछ्यौट नभई बाँकी रहेको निम्नानुसार निर्माण व्यवसायीहरुको नाममा रहेको पेश्की रकम नियमानुसार समयमै फछ्यौट गर्नु पर्दछ।

| गो भौ नं मिति | पेश्कीको विवरण | पेश्की लिने व्यक्ति/फर्म/कम्पनी | रकम |
|---|---|---|---|
| ७७८/०७७/०३/३१ | जाँडखोला पेल्काचौर सडक स्तरोन्नती | श्री गिता स्रिमन श्री क्रियटिभ जे भि | ५०००००० |
| ७७८/०७७/०३/३१ | मालेवगर कभर्डहल निर्माण | श्री गिता स्रिमन श्री क्रियटिभ जे भि | ६००००० |
| ७७९/०७७/०३/३१ | नयाँवजार मोहरिया मसर्गा सडक | वानिया निर्माण सेवा | ३०००००० |
| ७७९/०७७/०३/३१ | मालेवगर कभर्डहल निर्माण | वानिया निर्माण सेवा | ५००००० |
| | नयाँवजार मोहरिया मसर्गा सडक | वानिया निर्माण सेवा | ५०००००० |
| ७८०/०७७/०३/३१ | सडक निर्माण | नयाँ वाटो जी एस इन्जिनियरिङ्ग | ५०००००० |
| ११/०७७/०३/३१ | प्रगतिनगर वहाकोट सडक | सौजन कन्ट्रक्सन | ५४२२०० |
| | | जम्मा | १९६४२२०० |

पालिकाले पेश गरेको प्रमाणित म ले प फा नं २११ अनुसार फछ्यौट गर्न वाँकी पेश्की रु ५२५११५९०।०० मध्ये रु २९४२३७००।०० अनियमित वेरुजु कायम भएको र वाँकी रु २३०८७८९०।०० पेश्की वाँकी वेरुजु कायम भएकोमा सुत्रको अनुसुची २३ ले रु.८२३१८३२०।०० देखाएको छ। फरक पेश्की विवरणका सम्वन्धमा पालिकाले स्पष्ट पार्नुपर्ने देखियो।

८।२०७७।३।६ सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ को दफा १६ मा स्थानीय तहले सामाजिक सुरक्षा कार्यक्रमको रकम वडा कार्यालयमार्फत प्रथम चौमासिकको रकम असोज १ गतेबाट दोस्रो हप्ताभित्र दोस्रो चौमासिक माघ १ गतेबाट दोस्रो हप्ताभित्र र तेस्रो चौमासिक जेठ १ गतेबाट दोस्रो हप्ताभित्र

वितरण गरिसक्नुपर्नेमा पालिकामा दलित बालबालिका पोषण भत्ता वितरण गर्ने गरी २०७७।३।१ मा पेश्की लिएकोमा लेखापरीक्षण अवधीसम्म पनि पेश्की फर्छ्यौट भएको पाइएन। यसरी समयमानै पेश्की फर्छ्यौट नगर्ने निम्न कर्मचारीबाट यथाशिघ्रवितरण भरपाईसहित उक्त पेश्की फर्छ्यौट गर्नुपर्ने अन्यथा असुल गरी सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु..

| सि न | वडा नम्बर | नाम र थर | फर्छ्यौट हुन बांकी रकम |
|---|---|---|---|
| १ | १४ | ध्रुव प्रसाद सुवेदी | ६७२०० |
| २ | १२ | विष्णु कुमारी ढकाल | १५८४०० |
| ३ | १ | दिपक जंग केसी | २००२०० |
| ४ | ११ | चन्द्र बहादुर कार्की | १६८४०० |
| | | जम्मा | ५९४२०० |

५९४२

८७। २०७७।३।३१ आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ७४ मा पेश्की फर्छ्यौट सम्बन्धी व्यवस्था भएकोमा करेण्डाडाँमा रहेको कोभिड-१९ को आइसोलेशन सेवा सञ्चालन गर्दा खाना खाजा खुवाउनका लागि दिनेश अर्यालले रु.२०००००।०० र ध्रुव प्रसाद सुवेदीको रु.५४०००।०० समेत गरी जम्मा रु २५४०००।०० पेश्की लिएकोमा हालसम्म पनि फर्छ्यौट नभएकोले बील भरपाई सहित पेश्की फर्छ्यौट गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु-

२५४०(

# पालिकाको संचितकोषको विवरण

## २०७६।०७७

(रु हजारमा)

प्रदेशः गण्डकी

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | | जम्मा आय | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | संघ तथा प्रदेश अनुदान | राजस्व वाडफाड | आन्तरीक आय | अन्य आय | | | | | | |
| | | | १ | २ | ३ | ४ | ५ | ६ (२+३+४+५) | ७ | ८ | ९ | १० (७+८+९) | ११ (१+६-१०) |
| १ | पुतलीवजार नगरपालिका | स्याङ्जा | १०२८७१ | ६८३८७९ | ८४०१६ | २४९२१ | ३६४२७३ | ११५७०८९ | ४५५८११ | २४४६२० | ४९२१४१ | ११९२५७२ | ६७३८८ |

अनुसुचि २

(रु हजारमा)

## बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## २०७६।७७

| सि नं | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक वेरुजु | | | प्रतिक्रियावाट फछ्यौट | | | बाँकी वेरुजु | | | बाँकी वेरुजु | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैद्धान्तिक | लगति | | सैद्धान्तिक | लगति | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १ | स्याङ्जा | पुतलीवजार नगरपालिका | ३२ | ३४ | ८८०९० | ० | ८ | २६०९१ | ३२ | २६ | ६१९९९ | ३१८२ | ४७६२९ | १००७६ | ० | ० | ५७७०५ | ८४८ | २६४ | १११२ |

अनुसुची ३

(रु हजारमा)

## अद्यावधिक वेरुजु स्थीती

| क्र स | स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको बाँकी | यो वर्षको फछ्यौट | बाकी | यो वर्ष सम्पवाट कायम बेरुजु | यो बर्षको बेरुजु | कुल बाकी बेरुजु |
|---|---|---|---|---|---|---|---|---|
| १ | पुतलीवजार नगरपालिका | स्याङ्जा | १३५८२३ | १६६७५ | ११९१४८ | ० | ६१९९९ | १८११४७ |